**गुराँस राजपत्र**

## गुराँस गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः १०** **संख्याः ७२** **मितिः२०८३/०६/०२**

**भागः २**

गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको **कार्ययोजना** सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# विपद् प्रतिकार्ययोजना,२०८२

**(अध्यावधिक २०८३)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले विपद् प्रति कार्ययोजना,२०८२ (अध्यावधिक २०८३) जारी गरेको छ ।

# गुराँस गाउँपालिका

## विपद् प्रति कार्ययोजना,२०८२

**(अध्यावधिक २०८३)**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४

प्रमाणीकरण मितिः २०८३/०६/०२

**प्रस्तावनाः**

नेपाल प्राकृतिक तथा गैरप्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो। कर्णाली प्रदेश तथा दैलेख जिल्ला पनि बाढी, पहिरो, भूकम्प, आगलागी, चटयाङ, महामारी, सडक दुर्घटना, खडेरी लगायतका विभिन्न विपद्बाट प्रभावित हुन सक्ने क्षेत्र हुन्। गुराँस गाउँपालिकाको भौगोलिक अवस्था, बस्तीको स्वरूप, सडक तथा पूर्वाधारको अवस्था र प्राकृतिक जोखिमलाई मध्यनजर गर्दै विपद्को समयमा जनधनको क्षति न्यूनीकरण, तत्काल खोज तथा उद्धार, राहत, संरक्षण, उपचार तथा आवश्यक सेवा सञ्चालनलाई व्यवस्थित गर्न यो विपद् प्रतिकार्य योजना तयार तथा अध्यावधिक गरिएको हो।

यो योजना **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**, **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ तथा प्रचलित संशोधन**, **स्थानीय सरकार सञ्चालन ऐन, २०७४**, प्रचलित स्थानीय कानून तथा दैलेख जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग समन्वय हुने गरी कार्यान्वयन गरिनेछ।

### परिच्छेद–१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्ययोजनाको नाम **"गुराँस गाउँपालिकाको विपद् प्रतिकार्य योजना, २०८२"** रहनेछ।

(२) यो कार्ययोजना गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

(३) यस योजनालाई आवश्यकता अनुसार स्थानीय विपद्को अवस्था, जोखिम, स्रोतसाधन तथा प्रचलित कानूनमा भएको परिवर्तनका आधारमा संशोधन तथा अद्यावधिक गर्न सकिनेछ।

**२. कानुनी आधार**

यस योजनाको आधार देहायका प्रचलित कानून तथा नीतिगत व्यवस्थाहरू हुनेछन्–

(क) नेपालको संविधान,

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४,

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ तथा प्रचलित संशोधन,

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

(ङ) स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५,

(च) सम्बन्धित प्रदेश कानून तथा कार्यविधि,

(छ) दैलेख जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,

(ज) गुराँस गाउँपालिकाका प्रचलित ऐन, नियम, कार्यविधि तथा निर्णयहरू।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति गठन तथा विपद् व्यवस्थापनसम्बन्धी योजना, पूर्वतयारी, उद्धार, राहत र स्रोत परिचालनको जिम्मेवारीसमेत व्यवस्था गरेको छ।

### ३. उद्देश्य

यस योजनाका मुख्य उद्देश्य देहायबमोजिम हुनेछन्–

(क) विपद्का समयमा मानवीय तथा भौतिक क्षति न्यून गर्ने,

(ख) विपद्को सूचना प्राप्त भएदेखि तत्काल खोज, उद्धार तथा राहत कार्य सञ्चालन गर्ने,

(ग) गाउँपालिकाका सबै वडा तथा समुदायलाई प्रतिकार्यका लागि परिचालन गर्ने,

(घ) अत्यावश्यक सेवा तथा पूर्वाधारलाई यथाशीघ्र सञ्चालनमा ल्याउने,

(ङ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समुदायको विशेष संरक्षण गर्ने,

(च) स्थानीय स्रोत, साधन, जनशक्ति तथा संस्थागत क्षमताको प्रभावकारी परिचालन गर्ने,

(छ) जिल्ला तथा प्रदेशस्तरीय विपद् व्यवस्थापन संयन्त्रसँग प्रभावकारी समन्वय गर्ने।

## परिच्छेद–२: संस्थागत व्यवस्था

### ४. स्थानीय विपद् व्यवस्थापन समिति

गाउँपालिकामा प्रचलित कानूनबमोजिम गठन भएको **स्थानीय विपद् व्यवस्थापन समिति** यस योजनाको प्रमुख समन्वयकारी निकाय हुनेछ।

समितिले विपद्को समयमा खोज तथा उद्धार, राहत, स्वास्थ्य, खानेपानी, खाद्य, आश्रय, सुरक्षा, सञ्चार तथा अन्य अत्यावश्यक सेवाको समन्वय गर्नेछ।

### ५. स्थानीय विपद् व्यवस्थापन समितिको प्रमुख जिम्मेवारी

(क) विपद्को अवस्था मूल्याङ्कन गर्ने,

(ख) उपलब्ध स्रोत तथा जनशक्ति परिचालन गर्ने,

(ग) खोज तथा उद्धार कार्यको निर्देशन तथा समन्वय गर्ने,

(घ) राहत सामग्री वितरणलाई व्यवस्थित गर्ने,

(ङ) प्रभावित परिवारको पहिचान तथा तथ्याङ्क अद्यावधिक गर्ने,

(च) जिल्ला विपद् व्यवस्थापन समिति तथा सम्बन्धित निकायलाई जानकारी गराउने,

(छ) आवश्यकतानुसार स्वयंसेवक, सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, गैरसरकारी संस्था तथा अन्य साझेदार निकाय परिचालन गर्ने।

## परिच्छेद–३: आपतकालीन कार्यसञ्चालन केन्द्र

### ६. गाउँपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्र

गाउँपालिकामा उपलब्ध कानून तथा संस्थागत संरचनाअनुसार **आपत्कालीन कार्यसञ्चालन केन्द्र/विपद् सम्पर्क केन्द्र** सञ्चालन गरिनेछ।

यस केन्द्रले–

(क) विपद्को सूचना प्राप्त तथा अभिलेख गर्ने,

(ख) सम्बन्धित वडा तथा निकायलाई सूचना सम्प्रेषण गर्ने,

(ग) उद्धार तथा राहतका लागि आवश्यक समन्वय गर्ने,

(घ) प्रभावित क्षेत्रको विवरण संकलन गर्ने,

(ङ) गाउँपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा अन्य सम्बन्धित निकायसँग सञ्चार कायम गर्नेछ।

### ७. वडा तहको प्रतिकार्य

प्रत्येक वडामा वडा अध्यक्षको नेतृत्वमा उपलब्ध कानून तथा स्थानीय निर्णयबमोजिम वडा/समुदायस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य संयन्त्र परिचालन गरिनेछ।

वडा तहले विपद्को तत्काल सूचना गाउँपालिकालाई दिने तथा स्थानीयस्तरमा प्राथमिक खोज, उद्धार, राहत र सुरक्षित स्थानान्तरणमा सहयोग गर्नेछ।

## परिच्छेद–४: विपद्को समयमा प्रतिकार्य प्रक्रिया

### ८. विपद्को सूचना प्राप्त भएपछि

विपद्को सूचना प्राप्त हुनासाथ–

१. सूचना प्रमाणित गर्ने,

२. स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्बन्धित पदाधिकारीलाई जानकारी गराउने,

३. प्रभावित क्षेत्रको प्रारम्भिक मूल्याङ्कन गर्ने,

४. आवश्यकतानुसार सुरक्षा निकाय तथा स्वास्थ्य संस्थालाई परिचालन गर्ने,

५. जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

६. खोज तथा उद्धार टोली परिचालन गर्ने,

७. राहत तथा अत्यावश्यक सामग्रीको व्यवस्था गर्ने।

### ९. खोज तथा उद्धार

खोज तथा उद्धार कार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्वास्थ्यकर्मी, स्थानीय स्वयंसेवक, रेडक्रस तथा उपलब्ध अन्य जनशक्तिसँग समन्वय गरिनेछ।

आवश्यक अवस्थामा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समितिमार्फत थप उद्धार जनशक्ति तथा उपकरण माग गरिनेछ।

### १०. स्वास्थ्य तथा प्राथमिक उपचार

विपद् प्रभावितलाई तत्काल प्राथमिक उपचार तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। गम्भीर घाइतेलाई उपलब्ध साधन तथा समन्वयमार्फत उपयुक्त स्वास्थ्य संस्थामा पठाइनेछ। महामारी वा संक्रामक रोगको अवस्था सिर्जना भएमा स्वास्थ्य शाखाले स्वास्थ्यसम्बन्धी प्रचलित मापदण्डअनुसार नियन्त्रण तथा रोकथामका उपाय सञ्चालन गर्नेछ।

**११. राहत वितरण**

राहत वितरण गर्दा–

(क) प्रभावित परिवारको यथार्थ विवरण संकलन गरिनेछ,

(ख) अत्यधिक प्रभावित तथा जोखिममा रहेका परिवारलाई प्राथमिकता दिइनेछ,

(ग) राहत वितरण पारदर्शी र दोहोरो नपर्ने गरी गरिनेछ,

(घ) राहत सामग्रीको आम्दानी तथा वितरणको अभिलेख राखिनेछ,

(ङ) स्थानीय विपद् व्यवस्थापन कोष तथा प्रचलित कानूनबमोजिम खर्च गरिनेछ।

गुराँस गाउँपालिकामा **स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५** समेत रहेकोले राहत तथा विपद् व्यवस्थापनसम्बन्धी आर्थिक परिचालन सो कार्यविधि तथा प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ।

## परिच्छेद–५: प्राथमिकता प्राप्त प्रतिकार्य क्षेत्र

**१२. मानव जीवनको सुरक्षा**

विपद् प्रतिकार्यमा पहिलो प्राथमिकता मानव जीवनको सुरक्षा, खोज तथा उद्धार र घाइतेको उपचार हुनेछ।

**१३. सुरक्षित स्थान तथा आश्रय**

विपद् प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी आवश्यकतानुसार अस्थायी आश्रयस्थल सञ्चालन गरिनेछ।

आश्रयस्थलमा खानेपानी, सरसफाइ, खाद्यान्न, स्वास्थ्य, सुरक्षा, महिला तथा बालबालिकाको संरक्षणलगायतका आधारभूत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

**१४. खाद्य तथा गैरखाद्य राहत**

आवश्यकतानुसार चामल, दाल, नुन, तेल, पानी, त्रिपाल, कम्बल, लत्ताकपडा, सरसफाइ सामग्री, औषधि तथा अन्य अत्यावश्यक सामग्रीको व्यवस्था गरिनेछ।

**१५. सञ्चार तथा सूचना**

विपद्को समयमा आधिकारिक सूचना गाउँपालिकाबाट मात्र सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ। अफवाह, गलत सूचना तथा भ्रमपूर्ण जानकारी फैलिन नदिन नियमित सूचना प्रवाह गरिनेछ।

## परिच्छेद–६: प्रमुख सम्भावित विपद् र प्रतिकार्य

**१६. पहिरो**

पहिरोको जोखिम देखिएमा जोखिमयुक्त बस्ती पहिचान गरी नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ। सडक अवरुद्ध भएमा सम्बन्धित निकाय तथा स्थानीय स्रोतसाधन परिचालन गरी बाटो खुलाउने व्यवस्था गरिनेछ।

### १७. बाढी तथा डुबान

बाढीको पूर्वसूचना प्राप्त भएमा जोखिमयुक्त क्षेत्रका नागरिकलाई सुरक्षित स्थानमा सारिनेछ। खानेपानी, खाद्य सामग्री तथा स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ।

### १८. भूकम्प

भूकम्पपछि भवन तथा संरचनाको जोखिम मूल्याङ्कन गरी आवश्यकतानुसार उद्धार, प्राथमिक उपचार, अस्थायी आश्रय तथा राहत व्यवस्था गरिनेछ।

### १९. आगलागी

आगलागी नियन्त्रणका लागि उपलब्ध दमकल, पानी, सुरक्षा निकाय तथा स्थानीय स्वयंसेवक परिचालन गरिनेछ। आगलागी प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण तथा तत्काल राहत उपलब्ध गराइनेछ।

### २०. चट्याङ तथा हावाहुरी

पूर्वसूचना तथा जनचेतनामार्फत जोखिम न्यूनीकरण गरिनेछ। घटना भएमा घाइतेको तत्काल उद्धार तथा उपचारको व्यवस्था गरिनेछ।

### २१. महामारी तथा स्वास्थ्य संकट

महामारी वा स्वास्थ्य संकटको अवस्थामा स्वास्थ्य शाखाको समन्वयमा निगरानी, सूचना, उपचार, रोकथाम, औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ।

### २२. सडक दुर्घटना

सडक दुर्घटना भएमा तत्काल प्रहरी, स्वास्थ्य संस्था, स्थानीय स्वयंसेवक तथा उपलब्ध उद्धार साधन परिचालन गरी घाइतेको उद्धार तथा उपचारमा प्राथमिकता दिइनेछ।

## परिच्छेद–७: समावेशी तथा संरक्षणसम्बन्धी व्यवस्था

### २३. विशेष संरक्षण

विपद्को समयमा देहायका समूहलाई विशेष प्राथमिकता दिइनेछ–

(क) बालबालिका,

(ख) महिला,

(ग) ज्येष्ठ नागरिक,

(घ) अपाङ्गता भएका व्यक्ति,

(ङ) गर्भवती तथा सुत्केरी महिला,

(च) दीर्घकालीन सहयोग आवश्यक पर्ने व्यक्ति,

(छ) आर्थिक तथा सामाजिक रूपमा जोखिममा रहेका परिवार।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष योजना तथा कार्यक्रममार्फत संरक्षण गर्ने व्यवस्था ऐनले समेत गरेको छ।

## परिच्छेद–८: स्रोत तथा साधन परिचालन

### २४. स्थानीय स्रोतसाधन

विपद्को समयमा गाउँपालिकाको स्वामित्व वा नियन्त्रणमा रहेका उपलब्ध सवारीसाधन, उपकरण, भवन, स्वास्थ्य सामग्री, जनशक्ति तथा अन्य स्रोतसाधन परिचालन गरिनेछ।

### २५. निजी तथा गैरसरकारी स्रोत परिचालन

आवश्यकतानुसार निजी क्षेत्र, गैरसरकारी संस्था, सामुदायिक संस्था, रेडक्रस, स्वयंसेवक तथा अन्य साझेदार निकायसँग समन्वय गरी स्रोतसाधन परिचालन गरिनेछ।

### २६. विपद् व्यवस्थापन कोष

विपद् प्रतिकार्य तथा राहतसम्बन्धी खर्च **स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ तथा प्रचलित कानून** बमोजिम गरिनेछ।

## परिच्छेद–९: सूचना, अभिलेख तथा प्रतिवेदन

### २७. क्षति विवरण

विपद्पछि प्रभावित परिवार, मानव क्षति, पशुचौपाया, घर, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी, विद्युत् तथा अन्य पूर्वाधारको क्षति विवरण संकलन गरिनेछ।

### २८. प्रतिवेदन

विपद् प्रतिकार्य सम्पन्न भएपछि सम्बन्धित शाखा तथा वडाबाट प्राप्त विवरणका आधारमा गाउँपालिकाले समग्र प्रतिकार्य प्रतिवेदन तयार गर्नेछ।

### २९. अभिलेख

विपद्सम्बन्धी सूचना, उद्धार, राहत, खर्च, क्षति विवरण तथा पुनर्स्थापनासम्बन्धी अभिलेख सुरक्षित रूपमा राखिनेछ।

## परिच्छेद–१०: समन्वय तथा सम्पर्क

### ३०. जिल्ला तथा प्रदेशसँग समन्वय

ठूलो स्तरको विपद् भएमा गाउँपालिकाले तत्काल जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश सरकार तथा सम्बन्धित सुरक्षा निकायसँग समन्वय गर्नेछ। दैलेख जिल्ला प्रशासन कार्यालयले हाल **जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३** को पन्ध्रौं अद्यावधिक संस्करण प्रकाशित गरेको छ। गाउँपालिकाको प्रतिकार्य योजना सो जिल्ला योजनासँग समन्वय हुने गरी कार्यान्वयन गरिनेछ।

## परिच्छेद–११: योजना कार्यान्वयन, अनुगमन तथा संशोधन

### ३१. कार्यान्वयन

यो योजना कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिको हुनेछ।

### ३२. अनुगमन

योजना कार्यान्वयनको नियमित अनुगमन गाउँ कार्यपालिकाले गर्नेछ।

### ३३. अभ्यास तथा क्षमता विकास

विपद् प्रतिकार्य क्षमता अभिवृद्धिका लागि खोज तथा उद्धार अभ्यास, प्राथमिक उपचार, आगलागी नियन्त्रण, पूर्वसूचना, सुरक्षित स्थानान्तरण तथा स्वयंसेवक परिचालनसम्बन्धी अभ्यास सञ्चालन गरिनेछ।

### ३४. संशोधन

स्थानीय जोखिम, विपद्को प्रकृति, उपलब्ध स्रोतसाधन तथा प्रचलित कानूनमा परिवर्तन भएमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले यस योजनालाई संशोधन तथा अद्यावधिक गर्न सक्नेछ।

## अनुसूची–१: आपत्कालीन सम्पर्क विवरण

| नाम | सम्पर्क नम्बर | कैफियत |
| --- | --- | --- |
| गाउँपालिका अध्यक्ष | ९८५१०१८८८३ | |
| गाउँपिलका उपाध्यक्ष | ९७४९२८७६४१ | |
| प्रमुख प्रशासकीय अधिकृत | ९८५८०२०१४४ | |
| विपद् सम्पर्क व्यक्ति | ९८४८०४१६४९ | |
| स्थानीय विपद् व्यवस्थापन समिति | | |
| प्रहरी चौकी रानीमत्ता | ९८४८१३८३५४ | |
| प्रहरी कन्ट्रोल विपद | १००३ | |

**टिप्पणीः** वास्तविक सम्पर्क नम्बर गाउँपालिकाले अद्यावधिक गरी राख्नेछ।

# अनुसूची–२: प्रमुख जोखिमयुक्त क्षेत्रको विवरण

| क्र.सं. | वडा नं. | सम्भावित विपद् | जोखिमयुक्त बस्ती/स्थान | प्रभावित हुनसक्ने घरधुरी | सुरक्षित स्थान |
|---|---|---|---|---|---|
| १ | १ | पहिरो/आगलागी | खड्कवाडा सिमेसाल र सेप्टी | ३० | विद्यालय चउर |
| २ | २ | पहिरो/वाढी र आगलागी | तल्लो डुङ्गेश्वर, शेरी र स्याउलिबजरा | ४० | |
| ३ | ३ | पहिरो/आगलागी | | | |
| ४ | ४ | पहिरो/वाढी र आगलागी | | | |
| ५ | ५ | पहिरो/वाढी र आगलागी | | | |
| ६ | ६ | पहिरो/वाढी र आगलागी | | | |
| ७ | ७ | पहिरो/वाढी र आगलागी | | | |
| ८ | ८ | पहिरो/वाढी र आगलागी | | | |

## अनुसूची–३: उपलब्ध उद्धार तथा राहत सामग्री

| क्र.सं. | सामग्री/उपकरण | संख्या/परिमाण | अवस्था | भण्डारण स्थान |
|---|---|---|---|---|
| १ | त्रिपाल | .... | .... | .... |
| २ | कम्बल | १।१ सेट प्रहरी इकाइ र वडा कार्यालय | तयारी | सम्बन्धीत वडा र गाउँपालिका |
| ३ | प्राथमिक उपचार सामग्री | | | |
| ४ | स्ट्रेचर | | | |
| ५ | खोज तथा उद्धार उपकरण | | | |
| ६ | पानी/खानेपानी सामग्री | | | |
| ७ | अन्य | | | |

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत